१६४ औं बैठक

आज मिति २०८३/०२/०८ गते दिउँसो १२:३० बजे [illegible] मेलौली नगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री भिम बहादुर चन्दज्यूको अध्यक्षतामा बसी तपसिल बमोजिमको उपस्थितिमा निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु पारीत गरीए ।

तपसिलः

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भिम बहादुर चन्द | नगर प्रमुख | |
| २ | श्री पार्वती बोहरा (विष्ट) | नगर उपप्रमुख | |
| ३ | श्री शरद सिंह नेगी | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री कृष्ण दत्त भट्ट | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री गगन सिंह भाट | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हर्क बहादुर चन्द | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री भरत सिंह पुजारा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तारा दत्त भट्ट | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री राम चन्द्र भट्ट | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री तपेन्द्र सिंह विष्ट | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री लोक राज भट्ट | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री नन्दा ओझा (भट्ट) | कार्यपालिका सदस्य | |
| १३ | श्री मानमति कामी | कार्यपालिका सदस्य | |
| १४ | श्री धाना चन्द | कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती भट्ट (ओझा) | कार्यपालिका सदस्य | |
| १६ | श्री धाना तिरुवा (वि.क.) | कार्यपालिका सदस्य | |
| १७ | श्री विजय पोखरेल | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री धरम सिंह दयाल | कार्यपालिका सदस्य | |
| २० | श्री हरि प्रसाद शर्मा | सदस्य सचिव | |

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**<u>प्रस्तावहरुः</u>**

प्रस्ताव नं. १. वजेट निर्माण सम्वन्धमा ।
प्रस्ताव नं. २. विपद प्रतिकार्य योजना सम्वन्धमा ।
प्रस्ताव नं. ३. कार्यविधिहरु सम्बन्धमा ।
प्रस्ताव नं. ४. वेरुजु सम्वन्धमा ।

भिम बहादुर चन्द
नगर प्रमुख

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

मेलौली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलौली, बैतडी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**निर्णयहरुः**

**निर्णय नं. १.** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको आगामी आ.व. २०८३।०८४ को वजेट निर्माण प्रकृया अगाडि बढाउने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

**निर्णय नं. २.** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाको विपद प्रतिकार्य योजना, २०८३ स्वीकृत गर्ने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

**निर्णय नं. ३.** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस मेलौली नगरपालिकाका तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

**तपसिलः**

- वालअधिकार समिति गठन तथा संचालन कार्यविधि, २०८३
- आपांगता संजाल तथा समुह सम्वन्धि कार्यविधि, २०८३
- मेलौली नगरपालिका आपतकालीन कार्यसंचालन केन्द्र कार्यसंचालन विधि, २०८३

साथै स्थानीय उत्पदानमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधिहरु तर्जुमा गर्नका लागि देहाय वमोजिमको कार्यविधि तयारी कार्यदल गठन गर्ने निर्णय सर्वसम्मतिले गरियो ।

संयोजक - मेलौली नगरपालिकाको विधायन समितिको संयोजक
सदस्य - शिक्षा युवा तथा खेलकूद शाखा प्रमुख
सदस्य - कृषि शाखा प्रमुख
सदस्य - स्वास्थ्य शाखा प्रमुख
आमन्त्रित सदस्य - विश्व खाद्य कार्यक्रमका फिल्ड संयोजक

**निर्णय नं. ४.** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा महालेखा परिक्षकको कार्यालयको प.सं. २०८२।०८३ च.नं. APPROVED/FAR/2081-82/LOC/807, मिति २०८३।०१।२८ को पत्रबाट प्राप्त यस मेलौली नगरपालिकाको आ.व. २०८१।०८२ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल भई प्रतिवेदनमा औंल्याइएका वेरुजु फर्स्योटको लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय सर्वसम्मतिमा पारित गरियो ।

तिल बहादुर चन्द
नगर प्रमुख

हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner